## मिति २०८२/११/२९ गते बस्ने १७८ औं कार्यपालिका बैठकको एजेण्डाहरु

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. सेवा प्रवाहको समिक्षा सम्बन्धमा ।
३. नगर प्रवक्ता ज्यूबाट नपाको मासिक गतिविधि सार्वजनिकिकरण सम्बन्धमा ।
४. १८ औं नगरसभाको तयारी/मिति तोक्ने र तालिका सार्वजनिकिरण गर्ने सम्बन्धमा ।
५. नगर विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।
६. सेवा करारमा कार्यरत कर्मचारीहरुको पारिश्रमिक सम्बन्धमा ।
७. पिठुवा खानेपानीको विधान सम्बन्धमा ।
८. औषधी खरिद सम्बन्धमा ।
९. कक्षा ८ को परीक्षाका लागि थप रकम व्यवस्थापन र राष्ट्रपति रनिङ्शिलको लागि बजेट अनुमोदन व्यवस्थापन सम्बन्धमा ।
१०. व्यक्तीगत घटना रद्ध प्रकृयाका लागि सहजिकरण गर्ने सम्बन्धमा ।
११. ठेक्का नं. १ को Phage 4 को ठेक्का रद्ध गर्ने सम्बन्धमा ।
१२. आस्फाल्ट मिक्सचर प्लान्टको IEE सम्बन्धमा ।
१३. रि- एजेन्ट तथा ल्याब सामग्री खरिद सम्बन्धमा ।
१४. रनिङ्ग विलको साठ्ठी प्रतिशत मात्र भुक्तानी गर्ने सम्बन्धमा ।
१५. हाइ मास लाइट जडानको स्रोत सुनिश्चितता सम्बन्धमा ।
१६. नगरस्तरीय अनुगमन समितिको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
१७. केही कार्यविधि तथा मापदण्ड निर्माण/संसोधनको सैद्धान्तिक स्वीकृती सम्बन्धमा ।
  क. सेवा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ (संशोधन)
  ख. आमाबाबु बिहिन बालबालिका संरक्षण रकम वितरण कार्यविधि २०८२ (निर्माण)
  ग. घ वर्गको निर्माण इजाजत पत्र उपलब्ध गराउने कार्यविधि २०७४ (संसोधन)
  घ. रत्ननगर नगरपालिकाको खर्चको मापदण्ड/ आन्तरिक नियन्त्रण प्रणाली २०८२ (निर्माण)
१८. साना किसान कृषि सहकारी रनपा ५ को रकम दाखिला सम्बन्धमा ।
१९. विपन्न उपचार सहयोग सम्बन्धमा ।
२०. केही खेलकुद, धार्मिक विविध कार्यक्रम सहयोग सम्बन्धमा ।
२१. विविध ।
  क. पिठुवा सिंचाई जल उपभोक्ता बाँध निर्माण कार्यको इन्धन सम्बन्धमा ।
  ख. अपाङ्गमैत्री तिन पाङ्ग्रे स्कुटर खरिद सम्बन्धमा ।
  ग. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सुधारिएको चुलो तह ३ को रकम सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

मिति २०८२/१०/२५ गते बसेको नगरकार्यपालिका वैठकको निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

२०८२/११/२९

**निर्णय नं. २**

यस रत्ननगर नगरपालिका यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुको सार्वजनिक सेवा प्रवाहको बिषयमा समिक्षा गरियो । साथै सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जनमैत्री वनाउने विषयमा सवै पक्षले आ-आफ्नो पक्षवाट पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस रत्ननगर नगरपालिकाका नगर प्रवक्ता एवम् वडा नं. १ का वडा अध्यक्ष श्री कुल प्रसाद सापकोटा ज्यू मार्फत २०८२ माघ १ देखि २९ गते सम्म रत्ननगर नगरपालिकाले संचालन गरेका सेवा प्रवाह र विकास निर्माण सम्वन्धी मासिक गतिविधिहरु सार्वजनिकिरण गरियो ।

**निर्णय नं.४**

यस रत्ननगर नगरपालिकाको १८ औं नगरसभा मिति २०८२/१२/११ गते दिनको ठिक ८:०० वजेदेखि रत्ननगर नगरपालिकाको सभाहलमा संचालन गर्ने निर्णय गरियो । साथै नगरसभाको तयारीका लागि विषयगत शाखा, समिति र वडा कार्यालयहरुलाई नगर सभाको तयारीका लागि परिपत्र गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रत्ननगर नगरपालिकाको विपद् व्यवस्थापन ऐन २०७५ को परिच्छेद २ को दफा ३ वमोजिम देहायको नगरस्तरीय विपद् व्यवस्थापन समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

**नगर विपद् व्यवस्थापन समिति**

नगरपालिकाको नगर प्रमुख — प्रलाद सापकोटा (संयोजक)
नगरपालिकाको नगर उप प्रमुख — यादव प्रसाद पाठक (सदस्य)
प्रमुख प्रशासकीय अधिकृत- प्रकाश खनाल- (सदस्य)
विषयगत समितिका संयोजकहरु — (सदस्य)
प्रतिनिधि जिल्ला प्रशासन कार्यालय — सहायक प्रमुख जिल्ला अधिकारी (सदस्य)
सामाजिक शाखा प्रमुख (दीपा घिमिरे)- सदस्य
पुर्वाधार विकास शाखा प्रमुख (नमेश गुरुङ)- सदस्य
रत्ननगर नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि
इलाका प्रहरी कार्यालय टाँडीका प्रमुख — सदस्य
नगर प्रहरी प्रमुख (सुदिप घिमिरे)- सदस्य
विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख - विश्वास श्रेष्ठ — सदस्य- सचिव

**निर्णय नं. ६**

आगामी नगरसभावाट अनुमोदन हुने गरि यस रत्ननगर नगरपालिकामा सेवा करारमा कर्मचारीहरुलाइ मासिक रुपमा तलव भत्ता भुक्तानी गर्न आ.व. २०८२।८३ मा व.उ.शि.नं. ८०३३१४०४१०१ को खर्च शिर्षक नं २२४१३ (४५९.२२.१.५७) (चार करोड उनान्साठी लाख वाइस हजार एक सय सन्ताउन्न मात्र) करार सेवा शुल्क मा रु १,८५,००,०००।००(एक

२०८२।११।२८

CamScanner

करोड पचासी लाख मात्र) वजेट विनियोजन गरिएकोमा २०८२ साल फागुन देखि २०८३ असार सम्मको तलव भत्ता भुक्तानी गर्न करिव रु २,००,००,०००।०० (दुइ करोड मात्र) रकम नपुग हुने देखिएकोले व.उ.शि.नं ८०३३१४०४१०१ को खर्च शिर्षक नं.२११११ (४५९.२२.१.५७) पारिश्रमिक कर्मचारी शिर्षकमा विनियोजित वजेट रु ७,००,००,०००।००(सात करोड मात्र) वाट रु २,००,००,०००।०० (दुइ करोड मात्र) करार सेवा शुल्कमा वजेट रकमान्तर थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.७</u>

यस रत्ननगर नगरपालिका वडा नं. १५ मा रहेको पिठुवा सिचाई खानेपानी उपभोक्ता संस्थाले आठौं साधारण सभावाट सातकन्या खानेपानी उपभोक्ता संस्था मर्ज भई संस्थाको विधान पुनर्लेखन गरि अनुमोदनका लागि यस वैठकमा पेश गरेको विपयमा संस्थाको विधान उपर छलफल गरियो । पुनर्लेखित विधानको कानुनी पक्षको अध्ययन गरि स्वीकृतका लागि अर्को वैठकम पेश गर्न नगरस्तरीय विद्यायन समिति समक्ष पठाउने निर्णय गरियो ।

<u>निर्णय नं. ८</u>

यस रत्ननगर नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुका लागि औषधी खरिद शिर्षकमा संघीय ससर्त अनुदानवाट प्राप्त रकम रु.१७६५०००/- वाट इ टेन्टर गरि रु.८,१६,००६/- को औषधी खरिद भएको र हाल यस नगरपालिकाको स्वास्थ्य संस्थामा थप औषधी आवश्यक परेको हुदाँ वाँकी रकमवाट इ-टेन्डरकै मुल्यमा सोही सप्लार्यस सँग थप औषधी खरिद गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ९</u>

आधारभुत शिक्षा परीक्षा (कक्षा ८ ) सञ्चालन तथा व्यवस्थापन गर्ने दायित्व स्थानिय तहको रहने व्यवस्था रहेको छ। आ.व. २०८२।८३ मा व.उ.शि.नं. ८०३३१४०४१०९ को खर्च शिर्षक नं २२५२२ (४५९.२२.१.११७६) मा कक्षा ८ परीक्षा सञ्चालन तथा व्यवस्थापन शिर्षकमा रू ६,०००,००/-(अक्षरेपी छ लाख रूपैया) मात्र विनियोजन गरिएकोमा उक्त रकम नपुग हुने देखिएकोले आ.व. २०८२।८३ मा व.उ.शि.नं. ८०३३१४०४१०९ को खर्च शिर्षक नं २२५२२ (४५९.२२.१.११५८) वडा कप फुटवल प्रतियोगिता मा रु.८,००,०००।०० (अक्षररुपी आठ लाख मात्र) वजेट विनियोजन गरिएकोमा) उक्त शिर्षकवाट रू ३,०००,००/- (अक्षररुपी तीन लाख ) मात्र वजेट थप गरि परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने निर्णय गरियो । साथै आ.व. २०८२।८३ मा व.उ.शि.नं. ८०३३१४०४१०९ को खर्च शिर्षक नं २२५२२ (४५९.२२.१.११४६) राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रममा नपुग भएकाले आ.व. २०८२।८३ मा व.उ.शि.नं. ८०३३१४०४१०९ को खर्च शिर्षक नं २२५२२ (४५९.२२.१.११५८) वडा कप फुटवल प्रतियोगिता मा रु ८,००,०००।००(अक्षररुपी आठ

लाख मात्र) बजेट बिनियोजन गरिएकोमा उक्त शिर्षकबाट रकमान्तर गर्ने निर्णय भएकाले रू १,९२,०००/-(एक लाख बयान्नब्बे हजार) रकमान्तर थप गरिएको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. १०**

व्यक्तिगत घटना दर्ता संशोधन को नयाँ व्यवस्था ऐन तथा नियमावलि (२०८२) मा समावेश भई राजपत्रमा प्रकाशित भईसकेको सन्दर्भमा पालिकाका वडाहरुबाट पुराना हस्तलिखित घटना दर्ता प्रमाणपत्र तथा अभिलेखहरुमा भएको जन्ममिति सम्बन्धित व्यक्तिको नागरिकता, शैक्षिक प्रमाणपत्र अनुसार कायम गर्ने क्रममा दर्ता मिति अघि र संशोधित जन्म मिति पछि पर्न गई संशोधन गर्न नसकिएको र सो समस्या समाधानका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मा पत्राचार भएको तर विभागबाट पनि कुनै आधिकारीक समाधान प्राप्त नभएकोमा नगरका १६ वटै वडाहरुबाट आउने यस्ता समस्याहरुको समाधानका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन,२०७६ को दफा २४ मा भएको व्यवस्था अनुसार घटना दर्ता प्रमाणपत्र खारेजीको अधिकार स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) मा रहेको हुँदा सोही अनुसार व्यक्तिगत घटना दर्ता रद्ध (खारेजी) को सहजिकरणका लागि स्थानीय अधिकारीलाई नगरपालिका मार्फत पत्राचार गरि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

ठेक्का नं. *RAT/CHITWAN/WORKS/SQ/5* को नगरकार्यपालिकाको कार्यालयमा दुई वटा शौचालय निर्माण गर्नुपर्ने समेतको काम गर्नका लागि एड्भान्स प्रा.लि. द्वारा काम गराइएकोमा महिला पुरुष सहितको एउटा शौचालय निर्माण भई प्रयोगमा आएकाले र अर्को शौचालय हाल आवश्यक नपरेकाले ठेक्का मुल्यांकनको ९० प्रतिशत कुल मूल्यांकन नपुग्ने देखिएकाले उक्त ठेक्काको **PB र APG** समेतको म्याद रहेकाले ठेक्काको म्याद थप गरि सुविस्ताको आधारमा हाल सम्म भएकोमा कामको मुल्यांकन गरि ठेक्का रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

न्यु एस. वि. कन्स्ट्रक्सन, रत्ननगर नगरपालिका वडा नं. १२ ले पन्चकन्या हाइटमा आस्फाल्ट मिक्सचर प्लान्ट उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसुची (TOR) स्वीकृतका लागि यस बैठकमा पेश भएको प्रस्ताव उपर छलफल गरियो ।साथै उक्त (IEE) प्रतिवेदनका सम्बन्धमा थप अध्ययन गरी अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

यस रत्ननगर नगरपालिकाका कृपकहरुबाट उत्पादन भै बजारीकरणका लागि तयार भएका र सम्पूर्ण वडा अन्तरगतका वडा नं. २ मा रहेको नगरस्तरीय फलफुल तथा तरकारी बजारबाट विक्री हुने तरकारी र फलफुलमा बिपादीको अवशेष परीक्षण गर्न कृषि विकास कार्यालय चितवनसँग समन्वय तथा सहजिकरण गरी परिक्षणका लागि आवश्यक रि-एजेन्ट तथा ल्याब सामाग्री खरिद गरी ल्याबलाई हस्तान्तरण गर्न तथा ल्याब टेक्निसियनलाई फलफुल तथा तरकारी नमुना संकलन

गर्ने कार्यका लागि रु.१५००००/- (एक लाख पचास हजार मात्र) नगरस्तरीय लोककल्याणकारी कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस रत्ननगर नगरपालिकाबाट ठेक्का मार्फत संचालन हुने सडक कालोपत्रे निर्माण कार्यहरुको बेस सम्मको काम गरि रनिङ्ग विल माग गर्ने निर्माण व्यवसायीहरुलाई कुल मुल्यांकनको ६०% (साठी प्रतिशत) मात्र भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

आगामी नगरसभाबाट अनुमोदन हुने गरि यस रत्ननगर नगरपालिका र नेपाल विद्युत प्राधिकरण विच भएको सम्झौता अनुसार लागत साझेदारीमा यस नगरपालिका अन्तरगत विभिन्न स्थानहरुमा हाइ मास्ट/ मिनि हाइ मास्ट लाइट जडान गर्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरणले पेश गरेको लागत अनुमान रु.६७,०४,१०७।१२ मध्ये यस नगरपालिकाको ६५ प्रतिशत साझेदारी रकम रु ४३,५७,६७०।१५ (अक्षरुपी त्रिचालिस लाख सन्ताउन्न लाख छ सय सत्तरी रुपैया पैसा पन्ध्र मात्र) रकम नगरपालिकाको व.उ.शि.नं.८०३३१४०४१०१ को खर्च शिर्षक नं ३११५९ (४५९.२२.१.१६०)(आन्तरिक स्रोत-नगद) "वाटर किङ्डम" कार्यक्रममा विनियोजन गरेको वजेट वाट रु ४४,००,०००।०० (अक्षरुपी चौवालिस लाख मात्र) वाट व.उ.शि.नं ८०३३१४०४१०१ को खर्च शिर्षक नं ३११५३ (४५९.२२.१.१२९) "उज्यालो रत्ननगर" कार्यक्रम मा रकमान्तर गरी नेपाल विद्युत प्राधिकरणको (NEA NATIONAL STREETLIGHT PROMOTION PROJECT ) खातामा रकम जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

रत्ननगर नगरपालिकाका उप प्रमुख एंव नगर अनुगमन समितिका संयोजक श्री यादव प्रसाद पाठक ज्युको संयोजकत्वमा मिति २०८२ माघ ६ र १८ गते निम्न वमोजिमको उपस्थितीमा स्थलगत अनुगमन गरिएको निर्णय अनुमोदनका लागी कार्यपालिका वैठकमा पेश गर्न वैठक गरियो ।

**तपशिल**

संयोजक- यादव प्रसाद पाठक, उप प्रमुख
सदस्य- प्रकाश खनाल, प्र.प्र.अधिकृत
सदस्य- देबेन्द्र वहादुर भुजेल, का.पा. सदस्य
सदस्य- चन्द्रकला पनेरु, का.पा. सदस्य
सदस्य सचिव- रमेश लाल ताम्राकार, योजना प्रमुख

**अन्य उपस्थिती**

कलाधर पौडेल- संयोजक आर्थिक विकास समिति
धिरेन्द्र प्रसाद घिमिरे- संयोजक सुशासन समिति
शंकर वहादुर कुंवर- ईन्जिनियर

निर्णयहरु

यस रत्ननगर नगरपालिकाको आ.व. २०८१/८२ र २०८२/८३ मा सम्झौता भई कार्य सम्पन्न हुन बाकी भई यस आ.व. २०८२/८३ मा क्रमागत भईआएका र नया तपशिल वमोजिमका ठेक्काको स्थलगत अनुगमन गर्दा कार्य संचालन/सम्पन्न भएको देखिन आएकोले प्राविधिकको मुल्याकंन वमोजिमको रकम भुक्तानीका लागी सिफारिस गर्ने र निर्णय अनुमोदनका लागी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

१) Rat/Chitwan/works/SQ/01/2081-82 — सम्पन्न

२) Rat/Chitwan/works/SQ/02/2081-82 — सम्पन्न

३) Rat/Chitwan/works/SQ/0३/2081-82 — सम्पन्न

४) Rat/Chitwan/works/SQ/10/2081-82 — सम्पन्न

५) Rat/Chitwan/works/NCB/14/2082-83 — रनिङ्ग विल

६) सेरवाल निर्माण, वडा नं. ६ — सम्पन्न

निर्णय नं. १७

नगरस्तरीय विधायन समितिवाट पेश भएका तपसिलका कार्यविधिहरु निर्माणका लागि सौद्धान्तिक स्वीकृत दिने र केही कार्यविधिहरु संसोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

क. सेवा करारमा प्राविधिक कर्मचारी व्यवस्यापन कार्यविधि २०७७ को तेस्रो (संशोधन) दफा ११ थप गरीएको छ।

दफा ११: विदा तथा काज :(१)करार कर्मचारीले देहाय वमोजिम विदाहरु पाउनेछ ।

क) घर विदा : महिनाको १ दिन ।

ख) विरामी विदाः एक महिनाको १ दिन ।

ग) किरिया विदाः आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन।

घ) प्रसूती विदाः अघिपछि गरी ९८ दिन (२ सन्तान सम्मका लागि)

ङ) कार्यालय प्रमुखले प्रचलित भ्रमण खर्च नियमावली अनुसार भ्रमण खर्च पाउने वा नपाउने गरी करार कर्मचारीलाई काजमा खटाउन सक्नेछ ।

(२) घर विदा र विरामी विदा संचित हुने छैन।

ख. आमावावु विहिन वालवालिका संरक्षण रकम वितरण कार्यविधि २०८२ (निर्माणका सौद्धान्तिक स्वीकृती)

ग. रत्ननगर नगरपालिकाको खर्चको मापदण्ड/ आन्तरिक नियन्त्रण प्रणाली २०८२ निर्माणका सौद्धान्तिक स्वीकृती)

घ. "घ" वर्गको निर्माण इजाजत पत्र उपलव्ध गराउने कार्यविधि २०७४ (संसोधन)

संशोधन गर्नु पर्ने विवरण

| दफा | हालको व्यवस्था | संशोधन भइ कायम हुने व्यवस्था | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| २(१) | सार्वजनिक निर्माण गर्न चाहने, निर्माण व्यावशायीले अनुसूचि -१ वमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि यस रत्ननगर नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । | सार्वजनिक निर्माण गर्न चाहने यस नगरपालिका भित्र स्थायी वसोबास भएका निर्माण व्यावशायीले अनुसूचि -१ वमोजिमको ढाँचामा सार्वजनिक निर्माण | निर्देशिका मा स्पष्ट व्यवस्था नभएकोले |

२०८२/११/०४

| | | | | | | | कार्य गर्ने प्रणालीमा [illegible] गर्ने गरेको । | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अनुसूचि २ | क.सं. | निर्माण व्यवसायी वर्ग | इजाजत पत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | इजाजतपत्र नविकरण थप दस्तुर | इजाजत प्रतिलिपि दस्तुर | क.सं. | इजाजत पत्र दस्तुर | [illegible] |
| | १ | घ | रु १०,०००। | रु ५,०००। | रु १०,००० | रु १,०००। | १ | रु १०,०००। | [illegible] |

<u>निर्णय नं. १८</u>

यस रत्ननगर नगरपालिका वडा नं. ५ को टरौली चितवनमा रहेको तालिम तथा [illegible] केन्द्रमा भारतीय राजदुतावास काठमाडौंको अनुदान सहयोग र यस रत्ननगर [illegible] नेतृत्वमा भवन निर्माण प्रकृया अगाडी बढेको र भवन निर्माणको कुल लागत रु.४९९१४[illegible]/- (अक्षररुपी चार करोड उन्नापचास लाख एकान्नब्बे हजार छ सय दुई को नब्बे प्रतिशत [illegible] राजदुतावासको अनुदान र संघको दश प्रतिशतले हुन आउने रकम रु.४९९१४६०/- (अक्षरमा उनान्नपचास लाख एकान्नब्वे हजार चार सय सय दुई मात्र) यस रत्ननगर नगरपालिकाको [illegible] वाणिज्य वैकको खातामा जम्मा गरी भौचर पेश गरेकाले उक्त आयोजना प्रकृया अगाडी बढाउन [illegible] भारतीय राजदुतावासको पत्राचार गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १९</u>

रत्ननगर नगरपालिका अन्तर्गतका वडाहरुवाट वडा कार्यालयको सिफारिस सहित विपन्न नागरिकहरुको उपचारका लागि सहयोग माग भई आएका तपसिलका व्यक्तीहरुलाई नगरस्तरीय अन्य संस्था/व्यक्ती लगायत सहयोगापेक्षी शिर्षकवाट व्ययभार हुने गरि देहाय वमोजिम सहयोग रकम उपलव्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

| क.सं. | सहयोग माग गर्नेको विवरण | सिफारिस गर्ने वडा | सहयोग माग भएको विवरण | स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री नेत्रमान श्रेष्ठ | रत्ननगर नगरपालिका वडा न १४ | अशक्त अपाङ्ग गरिव विपन्न सुकुम्वासी | ३०,०००।- | |
| २. | श्री शंकर न्यौपाने | रत्ननगर नगरपालिका वडा न १३ | रगतमा समस्या विपन्न | १०,०००।- | |
| ३. | श्री कुल कुमारी मरहठ्ठा | रत्ननगर नगरपालिका वडा न १३ | श्वासप्रश्वास सम्वन्धी रोग विपन्न | १५,०००।- | |
| ४. | श्री हरि माया मगर | रत्ननगर नगरपालिका वडा न ५ | मुटुमा समस्या विपन्न | १५,०००।- | |
| ५. | श्री लक्ष्मण नगरकोटी | रत्ननगर नगरपालिका वडा न १५ | क्यान्सर रोग विपन्न | १५,०००।- | |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | श्री सन्त बहादुर खड्का | रत्ननगर नगरपालिका वडा न १२ | काजक्रिया खर्च विपन्न | १०,०००।- | |
| ७. | श्री धन बहादुर श्रेष्ठ | रत्ननगर नगरपालिका वडा न १३ | सडक दुर्घटनामा घाइते भएको विपन्न | ५०,०००।- | |
| ८. | श्री धन कुमारी विश्वकर्मा | रत्ननगर नगरपालिका वडा न ३ | मृगौलामा समस्या विपन्न | १५,०००।- | |
| ९. | श्री पतिराम माझी | रत्ननगर नगरपालिका वडा न ७ | पेटको शल्यक्रिया विपन्न | २०,०००।- | |
| १०. | श्री शिव प्रजा | रत्ननगर नगरपालिका वडा न ९ | काजक्रिया खर्च विपन्न | १०,०००।- | |
| ११. | श्री सावना चौधरी | रत्ननगर नगरपालिका वडा न ४ | मेरुदण्डको सल्यक्रिया विपन्न | १०,०००।- | |
| १२. | श्री ध्रुव प्रसाद चौलागाई | रत्ननगर नगरपालिका वडा न ३ | मुटुमा समस्या विपन्न | १०,०००।- | |
| १३. | श्री मैत सि तमाङ्ग | रत्ननगर नगरपालिका वडा न १२ | मृगौलामा समस्या विपन्न | १५,०००।- | |
| १४. | श्री राधा कुमाल | रत्ननगर नगरपालिका वडा न ११ | काजक्रिया खर्च विपन्न | १०,०००।- | |
| १५. | श्री सोविता महतो | रत्ननगर नगरपालिका वडा न ३ | क्यान्सर रोग विपन्न | २५,०००।- | |
| १६. | श्री कुइती महतो | रत्ननगर नगरपालिका वडा न ८ | पित्त थैलीमा पत्थरी विपन्न | १०,०००।- | |
| १७. | श्री शोभा वाइवा | रत्ननगर नगरपालिका वडा न १५ | पेट सम्बन्धी समस्या | १५,०००।- | |
| १८. | श्री धन बहादुर प्रजा | रत्ननगर नगरपालिका वडा न ९ | आर्थिक अवस्था कमजोर बिरामी | १५,०००।- | |
| १९. | श्री संजय रेग्मी | रत्ननगर नगरपालिका वडा न १० | दुर्घटना भएको र आर्थिक अवस्था कमजोर भएको | १०,०००।- | |
| २०. | श्री शान्ती माया दराई | रत्ननगर नगरपालिका वडा न १० | खुट्टाको समस्या विपन्न | १२,०००।- | |
| २१. | श्री गोकुल बहादुर महत | रत्ननगर नगरपालिका वडा न १६ | काजक्रिया खर्च विपन्न | १०,०००।- | |
| २२. | श्री मन्जु वि.क. | रत्ननगर नगरपालिका वडा न १५ | औषधि उपचार खर्च विपन्न | १५,०००।- | |
| २३. | श्री धन बहादुर तमाङ्ग | रत्ननगर नगरपालिका वडा न ३ | क्षयरोग उपचार खर्च विपन्न | १५,०००।- | |
| २४. | श्री कान्छी माया तमाङ्ग | रत्ननगर नगरपालिका वडा न १२ | मृगौला पाठेघरमा समस्या विपन्न | १०,०००।- | |
| २५ | फत्त बहादुर गुरुङ्ग | रत्ननगर नगरपालिका वडा न १२ | मुटु रोग विपन्न परिवार उपचारमा समस्या | २०,०००/- | |

निर्णय नं. २०

यस रत्ननगर नगरपालिका अन्तरगतका बिभीन्न संघ/संस्था, समिति, सामुदायकि क्लबहरुले बिभीन्न धार्मिक सांस्कृतिक खेलकुद लगायतका कार्यक्रमहरु संचालन गरि यस नगरपालिकासँग सहयोग माग गरेकाले त्यस्ता लोककल्याणकारी कार्यक्रम संचालन गर्ने संस्थाहरुलाई नगरस्तरीय तपसिलका चालु कार्यक्रम शिर्षकबाट व्ययभार पर्ने गरि देहाय अनुसार सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

क. गफ गाफ स्नुकर हाउसले रत्ननगर नगरपालिका वडा नं. १ मा मिति २०८२ माघ ०७ गते संचालन गरेक दोस्रो Guff Gaff Snooker Championship Open B Level कार्यक्रमका लागि सहयोग **रु.३००००/- (तीस हजार मात्र) (नगरस्तरीय जिल्ला प्रदेश स्तरीय खेलकुदमा सहभागिता कार्यक्रम शिर्षकबाट)**

ख. चक्रपाणी लामिछाने स्मृति बुक हाउसलाई गाउँ आएको मोटरबाटो उपन्यास प्रकाशन सहयोग लागि **रु.३००००/- (तीस हजार मात्र) (नगरस्तरीय पुस्तक तथा सामाग्री खर्च शिर्षकबाट)**

ग. डोकुन थार्पालिङ गुम्बामा रनपा १५ माधवपुरमा मिति २०८२/१०/०५ गते सोनाम ल्होसार पर्व कार्यक्रमका लागि आर्थिक सहयोगका लागि **रु.३००००/- (तीस हजार मात्र) नगरस्तरीय धार्मिक तथा सांस्कृतिक संघ संस्था सहायता शिर्षकबाट**

घ. रत्ननगर कला मन्दिरको २५ औं रजत जयन्ती एव्म रत्ननगर रंगिन साँझ २०८२ र बिभीन्न सांस्कृतिक खेलकुद कार्यक्रमका लागि सहयोग **रु.१,००,०००/- (एक लाख मात्र) नगरस्तरीय धार्मिक तथा सांस्कृतिक संघ संस्था सहायता शिर्षकबाट**

ङ. चौथो रत्नप्रिय कप महिला फुटवल प्रतियोगिता २०८२ का लागि मिति **रु.२,००,०००/- (दुई लाख मात्र) नगरस्तरीय नगर प्रमुखसँग विविध कार्यक्रम शिर्षकबाट**

च. चितवन जिल्ला खेलकुद विकास समिति भरतपुर चितवनले रत्ननगर नगरपालिकाको बाघमारा खेल मैदानमा आयोजना गर्ने जिल्ला स्तरीय राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिताका लागि सहयोग **रु.२,००,०००/- (दुई लाख मात्र) नगरस्तरीय नगर प्रमुखसँग विविध कार्यक्रम शिर्षकबाट**

छ. शिवालय मन्दिर रनपा १० ले मिति २०८२/११/०३ गते देखि संचालन गरेको ५ दिने शिव पुराणका लागि सहयोग **रु.१००००/- (दश हजार मात्र) नगरस्तरीय अन्य धार्मिक संघ/संस्था सहायता शिर्षकबाट**

ज. कविडाँडा साहित्य समाज आयोजना गर्ने राष्ट्रिय स्तरको विधागत साहित्यिक कार्यक्रमका लागि सहयोग **रु. ३००००/- (तीस हजार मात्र) नगरस्तरीय पुस्तक तथा सामाग्री खर्च शिर्षकबाट**

झ. सामुदायिक सूचना नेटवर्कले रत्ननगर नगरपालिकाको अग्रसरतामा भए गरेका काम र परिवर्तनका सामाग्री संचालन र प्रशारण गरेवापत **रु.६००००/- (साठ्ठी हजार मात्र) नगरस्तरीय नगर प्रमुखसँग विविध कार्यक्रम शिर्षकबाट**

२०८२/११/०५

ञ. लालीगुरासँ भिमसेन थान नेवाः समाज रनपा ११ को मन्दिर सतल र वैठक घर निर्माणका लागि सहयोग रु. ३००००/- (तीस हजार मात्र) नगरस्तरीय अन्य धार्मिक सांस्कृतिक संघ/संस्था सहायता शिर्षकवाट

निर्णय नं. २१ विविध

निर्णय नं. २१ विविध क

यस रत्ननगर नगरपालिका वडा नं .१६ मा रहेको पठुवा सिंचाई जल उपभोक्ता संस्थाद्वारा भुतिया क्षेत्रमा वाँध निर्माण कार्य मेसिन प्रयोग गरि सम्पन्न गरिएको र सो कार्यका लागि खर्च भएको इन्धन श्री पशुपति आयल स्टोर्सवाट रु.१०४१५७ /- (अक्षररुपी एक लाख चार हजार एक सय सन्ताउन मात्र) खरिद गरिएकोले सो इन्धन वापतको रकम भुक्तनी गर्न यस कार्यालयपालिका वैठकमा १६ नं. वडा कार्यलयवाट विल सहित प्रस्ताव पेश भएकाले प्राविधिकवाट मेसिन प्रयोग भएको मुल्यांकन गरि सो वरावरको रकम नगरस्तरीय इन्धन कार्यालय प्रयोजन शिर्षकवाट व्ययभार पर्ने गरि भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ विविध ख

यस रत्ननगर नगरपालिका वडा नं. ९ वस्ने श्री संदिप वसेल शहिद स्मृती वहुमुखी क्याम्पस रत्ननगरमा स्नातक प्रथम वर्पमा अध्ययनरत रहेको र निज ख वर्ग को शारिरिक अपांगता भएको र हिडडुल गर्न समस्या भएकाले दैनिक अध्ययन गर्न आउन जानका लागि यस नपासँग तीन पाङ्ग्रे स्कुटर माग गरेकाले महिला वालवालिका तथा ज्येष्ठ नागरिकको विपयगत शाखाको अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायता सामाग्री वितरण शिर्पकवाट व्ययभार पर्ने गरि लागत साझेदारीमा रु.१,००,०००/- (अक्षररुपी एक लाख मात्र) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ विविध ग

वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले यस पालिका संग "स्वच्छ चुलो कार्यक्रम" संचालन गर्न विगतमा मा गरेको द्विपक्षीया सम्झौता गरि सम्झौता अनुसार यस कार्यालयवाट माग भई गएको प्रविधि केन्द्रले आवाश्यक प्रक्रिया पुरा गरी ठेक्का नं AEPC/CCS/G/NCB/2023/24-02 वाट आपूर्ति गरी यस पालिका लाई १०७ थान सुधारीएको तह ३+ स्तरको चुलो (ICS) हस्तान्तरण भई नगरपालिकाको नगर प्रहरी सेवा केन्द्रमा भएको अवस्थामा भदौ २३ र २४ गतेको जेन्जि आन्दोलनमा जलेर नष्ट भएको व्यहोरा यस वैठकलाई अवगत नै छ । साथै वैकल्पिक ऊर्जा प्रवद्र्धन केन्द्रले क्षति भएको तथा उपभोक्ता लाई वितरण गर्न वाँकी रहेको १०७ थान सुधारीएको तह ३+ स्तरको चुलो यस नगरपालिकालाई पुन उपलव्ध गराउने प्रतिवद्धता पत्र प्राप्त भए पश्चात स्थानीय तहले साझेदारी गर्ने रकम रु.९६,१२३.४५/- नगरस्तरीय नगर प्रमुखसँग विविध कार्यक्रम शिर्पकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

२०८२/११/२४